# सन्धिखर्क नगरपालिकाको कृषि विकास कार्यक्रम प्रस्ताव माग सम्वन्धि सूचना।

## प्रथम पटक प्रकाशित मिति: २०७९/०६/०९

सन्धिखर्क नगरपालिकाको आ.व. २०७९/०८० को स्वीकृत संघिय सशर्त तथा निसर्त अनुदान कार्यक्रम अनुसार तपशिल बमोजिमका कार्यक्रमका लागी ईच्छुक कृषक समुह/कृषि सहकारी संस्था / जल उपभोक्ता समिति /कृषि फर्म /कृषि कम्पनीबाट यो सूचना प्रकाशित भएको मितिले १५ दिन अर्थात मिति २०७९/०६/२४ गते सम्म निर्धारित ढाँचाको प्रस्तावना र आवेदन फारम क्रमशः अनुसूचि १ र २ अनुसार भरी पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ।

तपशिल:

| क्र.स. | कार्यक्रमको नाम | इकाई | परिमाण | जम्मा अनुदान रकम रु. एवं अनुदान सिमा | प्रस्ताव पेश गर्न पाउने निकाय | मापदण्ड |
|---|---|---|---|---|---|---|
| १. | खायन आलु उत्पादन कार्यक्रम(संघिय ससर्त अनुदान तर्फ) | संख्या | १ | अनुदान रकम रु.१५०००००।– उत्पादन सामाग्री र कृषि औजार खरिदमा ५०%, सिंचाईको हकमा ८५%, क्षमता अभिवृद्धि तालिम/ अभिमुखिकरण कार्यक्रममा १००% अनुदान हुने गरी क्षेत्र विस्तार तथा उत्पादन सामाग्री व्यवस्थापनमा कम्तिमा ७० % कृषि औजार खरिदमा बढीमा १०% सिंचाई पूर्वाधार निर्माणका लागी बढीमा १०% र चेतना अभिवृद्धि / प्रविधि हस्तान्तरणका लागी बढीमा १०% रकम खर्च गर्न सकिने छ। | कृषक समुह / कृषि सहकारी/ जल उपभोक्ता समिति /कृषि कम्पनी तथा कृषि फर्म। | १० हेक्टर (२०० रोपनी) का दरले कम्तिमा ४ कलष्टर हुनु पर्नो। समुह /सहकारीको हकमा कम्ती ५० रोपनी क्षेत्रफल निजि फर्मको हकमा ५ रोपनी क्षेत्रफलमा खेती गर्नु पर्ने। |
| २. | प्याज तथा लसुन मिसन कार्यक्रम बीउ तथा सामाग्री खरिदमा ७५% (निसर्त अनुदान तर्फ) | संख्या | १ | अनुदान रकम रु.१५००००।– बीउ तथा कृषि सामाग्री खरिद मूल्यमा ७५% अनुदान रकम। | कृषक समुह / कृषि सहकारी/ जल उपभोक्ता समिति /कृषि कम्पनी तथा कृषि फर्म। | ५ हेक्टर (१०० रोपनी) का दरले कम्तिमा २ कलष्टर हुनु पर्नो। समुह /सहकारीको हकमा कम्ती ५० रोपनी क्षेत्रफल निजि फर्मको हकमा ३ रोपनी क्षेत्रफलमा खेती गर्नु पर्ने। |

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

२०७८ चैत्र मसान्त ...
(२०७८ चैत्र ...

## आवश्यक कागजातहरु

१. कार्यालयले उपलव्ध गराएको निवेदन सहित प्रस्तावना फारम
२. फर्म/संस्था दर्ता प्रमाण पत्रको प्रतिलिपी
३. सम्वन्धित कार्यक्रमको माग सम्वन्धमा गरिएको बैठकको निर्णय प्रतिलिपि
४. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।
५. जग्गाको विवरण खुल्ने जग्गा धनी प्रमाणपत्र वा कम्तीमा ५ वर्षे करारनामाको सम्झौता पत्र
६. मुख्य मुख्य लाभग्राहीको नागरिकताको प्रतिलिपि ।

## सर्तहरु

१. नविनतम प्रविधिको प्रयोग, बहुसख्यक कृषक लाभान्वित माग हुने संभावना एवं उपयोगिताको आधारमा पेश भएको प्रस्तावलाई प्रार्थमिकता दिईने छ ।

२. रीत नपुगेको वा प्रस्तावना फारम पूर्ण रुपमा नभरी पेश गरेको प्रस्तावलाई मूल्यांकमा समावेस गरिने छैन ।

३. उही किसिमको अनुदान प्राप्त गरेको अनुभवी संस्थालाई प्रार्थमिकता दिईने छ ।

४. आयोजना छनौट भएको खण्डमा नगरपालिकाबाट तोकिएको ढाचाँमा कार्यक्रमबारे विस्तृत बोर्ड अनिवार्य राख्नु पर्ने छ ।

५. अनुदान रकम दुरुपयोग भएको पाईएमा सम्वन्धित संस्थाबाट अनुदान रकम असुल गरी सो संस्थालाई २ वर्ष सम्म अन्य अनुदानका कार्यक्रममा समावेश गरिने छैन।

नोट:

- थप जानकारीका लागी कृषि शाखाको फोन न ०७७४२०८८२ वा ९८४७०७५४०५ मा सम्पर्क गर्नुहुन ।

प्रमुख प्रशासकीय अधिकृत